**नेपाल सरकार**

**भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय**

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

**बुद्धनगर, काठमाण्डौ**

## दायित्व फरफराक सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८२/०२/२७**

नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भई सोहि ऐनको दफा १०५ बमोजिम सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष प्राप्त भएका तपशिल बमोजिमका सहकारी संस्थाका संचालक, ऋणी सदस्य, व्यवस्थापक, कर्मचारीहरु, जमानिकर्ताको नाउँमा सहकारी संस्थालाई तिर्न बुझाउनु पर्ने दायित्व समयमा बुझाउनका लागि पटक पटक सूचना जारी गर्दा समेत आफूले तिर्न बुझाउनु पर्ने दायित्व रकम बुझाउन आलटाल गर्नु भएकोले ३५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिएको छ । संस्थाको दायित्व भूक्तानी गर्नु पर्ने पक्षहरुले उल्लेखित समयावधिभित्र यस समितिको कार्यालयमा उपस्थित भई आफूले तिर्नु पर्ने दायित्व राफसाफ गर्नु होला, अन्यथा संस्था सम्बद्ध संचालक, ऋणी सदस्यहरु, व्यवस्थापकहरु, कर्मचारीहरु, जमानिकर्ताहरु र आफन्तको समेत बैंक खाता रोक्का, राहदानी रोक्का, अचल सम्पत्ति रोक्का र कालो सूचीमा राख्ने कार्य, सरकारी सेवाबाट बञ्चित गर्ने तथा बचतकर्ताको रकम हिनामिना, अपचलन मुद्दा लगायत कानुनी कारवाही समेत अगाडि बढाईने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

| क्र.सं. | सहकारी संस्थाहरुको नाम |
|---|---|
| १. | आईडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. (हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था, नागरिक कल्याण बहुउद्देश्यीय संस्था, तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था, आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था, घेदुङ्ग बहुउद्देश्यीय सहकारी संस्था) |